प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

लागूऔषध रहित परिवार:
स्वस्थ जीवनको आधार
❖ लागूऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ ।
लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रिवितरण तथा सेवन कानूनत: दण्डनीय छ ।
❖ गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरुलाई पनि लाग्न नदिऔं ।
स्वस्थ र सुखी परिवारको लागि
लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१४ ।। अङ्क : ३२४ ॥ २०७९ माघ ०६ गते शुक्रबार (20th Jan 2023 Friday) **Pratidin** National Daily dNo-?:%÷-

प्रतिनिधिसभाको सभामुखमा देवराज घिमिरे निर्वाचित

झापा(प्रस) । सत्ता गठबन्धनबाट एमालेका सांसद देवराज घिमिरे सभामुखमा निर्वाचित भएका छन् ।

प्रतिनिधिसभामा बिहीबार भएको निर्वाचनमा प्रतिस्पर्धी नेपाली कांग्रेसकी ईश्वरीदेवी न्यौपानेलाई पराजित गर्दै उनी सभामुख चुनिएका हुन् ।

घिमिरेको प्रस्तावकमा सुवासचन्द्र नेम्वाङ, समर्थकमा हितराज पाण्डे, राजेन्द्रप्रसाद लिङ्देन र रवि लामिछाने थिए भने न्यौपानेको प्रस्तावकमा विश्वप्रकाश शर्मा र समर्थकमा प्रकाश ज्वाला रहेका थिए ।

प्रतिनिधिसभामा मत विभाजन प्रक्रियामार्फत् भएको चुनावमा घिमिरेको पक्षमा १६७ मत पऱ्यो । २७५ सदस्यीय प्रतिनिधिसभामा बिहीबार २६८ सांसद उपस्थित थिए । घिमिरेको विपक्षमा १०० मत पऱ्यो । पहिलो प्रस्तावमै घिमिरेको पक्षमा सभामुख निर्वाचित हुन आवश्यक न्यूनतम १ सय ३८ मत कटेकाले उनलाई ज्येष्ठ सदस्य पशुपति शमशेर राणाले निर्वाचित भएको घोषणा गरेका हुन् ।

सभामुखको पदका लागि एमालेका घिमिरे र कांग्रेस सांसद ईश्वरी न्यौपानेले उम्मेदवारी दिएका थिए । घिमिरेलाई सभाको बहुमत प्राप्त भएपछि न्यौपानेलाई सभामुख बनाइयोस् भन्ने प्रस्तावमा मत विभाजन गरिएन । नेमकिपाका प्रेम सुवालले घिमिरेको पक्ष र विपक्षमा मत नदिई तटस्थमा मतदान गरेका थिए । राष्ट्रपति विद्यादेवी भण्डारीबाट पद तथा गोपनीयताको शपथग्रहण गरेपछि घिमिरेले कार्यकाल सम्हाल्नेछन् ।घिमिरे झापा-२ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य हुन् ।

२०१५ सालको पहिलो संसद् र २०४७ सालमा प्रजातन्त्र पुनःस्थापनापछि बनेका संसद्को इतिहासअनुसार घिमिरे नेपालका नवौं सभामुख हुन् । २०१५ सालको पहिलो संसदमा कृष्णप्रसाद भट्टराई सभामुख भएका थिए ।

२०४८ सालमा दमननाथ ढुंगाना, २०५१ सालमा रामचन्द्र पौडेल, २०५६ सालमा तारानाथ रानाभाट, २०६३ सालको अन्तरिम संसदेखि पहिलो र दोस्रो संविधानसभामा सुवासचन्द्र नेम्बाङ, संविधान जारीपछि रुपान्तरित संसदमा ओनसरी घर्ती, २०७४ सालको प्रतिनिधिसभाको ५ वर्षे कार्यकालमा कृष्णबहादुर महरा र अग्निप्रसाद सापकोटा सभामुख भएका थिए ।

एमाले पार्टीभित्र कुशल संगठकको रुपमा उनी चिनिन्छन् । झन्डै पाँच दशकदेखि कम्युनिस्ट आन्दोलनमा सक्रिय घिमिरेले प्रतिनिधिसभाको पहिलो यात्रामै सभामुख बन्ने अवसर प्राप्त गरेका हुन् । घिमिरे एमाले अध्यक्ष केपी शर्मा ओलीका निकटतम विश्वासपात्र मध्येका एक नेता हुन् ।

घिमिरेले छैटौं महाधिवेशनदेखि निरन्तररुपमा विभिन्न कालखण्डमा एमालेभित्र ओलीलाई साथ दिँदै आएका छन् । झापा बिर्तामोड ४ निवासी ६६ वर्षीय घिमिरे पार्टीभित्र इमानदार र निष्ठावान् नेताका रुपमा चिनिन्छन् ।

व्यक्तिगत विवरण

नाम : देवराज घिमिरे
ठेगाना : अर्जुनधारा नगरपालिका वडा नम्बर ६,झापा
जन्मस्थान : सिरिजंघा गाउँपालिका वडा नम्बर ३ सिकैचा,ताप्लेजुङ
जन्ममिति : २०१३ साल जेठ १३ गते
बुवाको नाम : पदमप्रसाद घिमिरे
आमाको नाम : भिमकुमारी घिमिरे
वैवाहिक स्थिति : विवाहित
श्रीमतीको नाम : टिकादेवी बस्नेत (घिमिरे)
शैक्षिक योग्यता : स्नातक

बाल्यकाल र शैक्षिक अवस्था

ताप्लेजुङ जिल्ला सिरिजंघा गाउँपालिका वडा नं ३ मा बुवा पदमप्रसाद घिमिरे र आमा भिमकुमारी घिमिरेको कोखबाट १२ जना छोराछोरीमध्ये माइलो छोराको रुपमा वि.सं.२०१३ साल जेठ १३ गते देवराज घिमिरेको जन्म भएको थियो । निम्न मध्मम परिवारमा जन्मिएका घिमिरेले गाउँकै सिंहदेवी प्राथमिक विद्यालयबाट स्कुले शिक्षाको सुरुवात गरी ताप्लेजुङ सदरमुकामको भानु पब्लिक हाईस्कुलबाट वि.सं.२०२९ सालमा एसएलसी उत्तीर्ण गरेका थिए। उनले धरानको महेन्द्र बहुमुखी क्याप्पसबाट आई.ए.र त्रिचन्द्र क्याम्पस काठमाडौंमा स्नातक अध्ययन गरेका हुन्।

राजनीतिमा प्रवेश

वि.सं.२०३१ सालमा झापा विद्रोहपछि नेपाल कम्युनिष्ट पार्टीको सम्पर्कमा रहेका घिमिरे २०३२ माघदेखि अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी को-अर्डिनेशन कमिटी (कोके)गठनपछि विद्यार्थी संगठनमार्फत पार्टी काममा होमिएका थिए। २०३३ सालमा आफ्नो शिक्षालाई थाती राखेर गाउँ-गाउँ पुगेर पार्टीको संगठन निर्माणमा खटिएका घिमिरेले भूमिगत भएर कोकेमा काम गरेको ३ वर्षपछि २०३५ साल भदौमा नेपाल कम्युनिष्ट पार्टीको सदस्यता प्राप्त गरेका थिए।

राजनीतिक जिम्मेवारी

२०३५ सालमा नेपाल कम्युनिष्ट पार्टीको सदस्यता प्राप्त गरेका घिमिरेले आफ्नो ४५ वर्षे लामो औपचारिक राजनीतिक जीवनमा पाएका जिम्मेवारीहरु-

२०३५ साल पुस ११ गते कम्युनिष्ट घटकहरु मिलेर नेकपा माले बनेपछि तेह्रथुम र पाँचथर जिल्लाको संगठक
२०३९ सालमा इलाम जिल्लाको पार्टी प्रमुख
२०४९ सालमा नेकपा माले र नेकपा एकीकृतको एकीकरणपछि सम्पन्न नेकपा (एमाले) को पाँचौ राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय सदस्य
२०५० सालमा नेकपा एमालेको मेची अञ्चल इन्चार्ज
२०५८ सालमा केन्द्रीय विभागअन्तर्गत स्वास्थ्य विभागको इन्चार्ज त्यसपछि इन्जिनियरिङ विभाग, युवा संघ नेपाल, नेपाल राष्ट्रिय शिक्षक संगठन प्रगतिशील प्राध्यापक संघको इन्चार्ज
२०७५ सालमा नेकपाको प्रदेश १ अध्यक्ष
२०७८ सालमा सम्पन्न नेकपा एमालेको दशौं राष्ट्रिय महाधिवेशनबाट पार्टीको स्थायी कमिटी सदस्य तथा प्रदेश नम्बर १ इन्चार्ज
(भूमिगत राजनीतिमा पञ्चायती शासकले उनको राजनीतिक गतिविधि नियन्त्रणका लागि पटक पटक पक्राउ पूर्जी जारी गरेको)

मोर्चाको जिम्मेवारी

२०५६ सालमा राष्ट्रिय सभा सदस्य
२०७९ मा प्रतिनिधि सभा सदस्य ।

हार्दिक बधाई
तथा शुभकामना

आदरणीय दाई / भिनाज्यू श्री देवराज घिमिरेज्यू प्रतिनिधिसभाको सम्मानतीय सभामुख पदमा निर्वाचित हुनुभएकोमा बधाई दिँदै समृद्ध नेपाल र सुखी नेपाली बनाउने महान अभियानमा सँधै तपाईका पाइलाहरू अघि बढून् भन्दै सफल कार्यकालको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

कुमार दाहाल
अध्यक्ष
आदर्श टोल विकास संस्था बिर्तामोड -३

सृष्टि बस्नेत दाहाल
निवर्तमान वडा सदस्य
बिर्तामोड नगरपालिका- ३

GOLCHHA GROUP
100 YEARS OF TRUST
BAJAJ
3rd Prize
1st Prize
2nd Prize
BAJAJ
मा. प. से. CHECK
माईलेज
पर्फमेन्स
सेफ्टी
pulsar NS125
सहभागी भई,
विजेता बन्नु भएकोमा
हार्दिक बधाई।

FIRST 78kmpl
प्रकाश सिलवाल
पेट्रोलको भाउको त के कुरा गर्ने, कुरा गर्दा-गर्दै बढ्न पनि बेर छैन। त्यसैले चाहेर पनि पल्सर किन्न हिच्कीचाइरहेको थिए। तर पल्सर १२५ एनएस माईलेज कम्पिटिशनमा भाग लिएर यसको माइलेज ७८ किमि आउँदा त म छक्कै र मख्खै परे।

SECOND 76kmpl
जुबेर आलम
पल्सर भन्ने बित्तिकै आकर्षक लुकको कुरा आउँछ। तर हेर्दा दामी देखिने यो बाइकको माइलेज पनि बेस्ट छ भनेर चाहिं बल्ल थाहा पाएँ। पल्सर १२५ एनएस माईलेज कम्पिटिशनमा भाग लिएर यसको माइलेज ७६ किमि आयो भन्दा के तपाईं विश्वास गर्न सक्नुहुन्छ?

THIRD 75kmpl
कुशल मैनाली
बेष्ट माइलेज भएको बाइकको नाम लिनु पर्दा पल्सरको नाम मेरो दिमागमा कहिले आउँदैन थियो। तर पल्सर १२५ एनएस माईलेज कम्पिटिशनमा भाग लिएर यसको माइलेज ७५ किमि आउँदा मेरो धारणा नै बदलियो।

Mechi Power Mobiles Trade, Birtamode
TEL.: 023 530724, 9852672672

कनकाई नगरपालिका सेवा प्रवाहलाई प्रभावकारी बनाउँदैब

कनकाई(प्रस) । झापाको कनकाई नगरपालिका यतिबेला सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने अभियानमा जुटेको छ । नगरपालिकाबाट प्रवाह हुने हरेक प्रकारका सेवा-सुविधा नागरिकसम्म सहज एवम् थप प्रभावकारी रुपमा पुऱ्याउने अभियानमा नगरपालिका जुटेको हो । जसका लागि नगरपालिका सबै तहका जनप्रतिनिधि र जनप्रतिनिधिलाई एकदिने प्रशिक्षण दिइएको थियो । जनप्रतिनिधिको काम, कर्तव्य, अधिकार, समय व्यवस्थापन, आचरण, व्यवहार, योजना तर्जुमा, भूमिकालगायतका विषयमा प्रशिक्षण दिइएको प्रशासकीय अधिकृत विवेक भण्डारीले जानकारी दिए । त्यस्तै, पुष २६ र २७ गते कार्यालय सहयोगी, चालक, सरसफाईलगायतका

कर्मचारीको क्षमता अभिबृद्धि हुने खालका तालिम र प्रशिक्षण प्रदान गरिएको छ । 'नगरपालिकामा आउने सेवाग्राहीलाई छिटोभन्दा छिटो सेवा प्रदान गरिरहेका छौं, कोही पनि, कुनै पनि काम भएन भनेर पर्खिनु र फर्किनु नपरोस् भन्ने हाम्रो मुख्य उद्देश्य हो 'नगरपालिका प्रमुख प्रशासकीय अधिकृत मोहनप्रसाद न्यौपानेले भने । सोही क्रममा पुष २५ गते नगरका ५० जना ४७ जना कर्मचारीलाई तालिम दिइएको थियो । उनीहरुलाई आचरण, व्यवहार, अनुशासन, उत्प्रेरणालगायतका विषयमा तालिम दिइएको अधिकृत भण्डारीले बताए । यस्तै, माघ ३ र ४ गते नगरका शाखा प्रमुख, वडा सचिवलगायत ६७ जनालाई तालिम दिइएको छ । उनीहरुलाई काम, कर्तव्य, अधिकार, कार्यालयगत संरचनालगायतका विषयमा तालिम दिइएको हो । सबै तालिम तथा प्रशिक्षण स्थानीय शासनविज्ञ तारानाथ निरौलाले प्रदान गरेको कर्मचारी विजय पाठकले जानकारी दिए ।

कामको प्रकृतिका आधारमा सेवा प्रवाहको मापदण्ड बनाएर लागू गर्ने तयारी भइरहेको प्रमुख प्रशासकीय अधिकृत न्यौपानेले बताए । 'मुख्य उद्देश्य सामूहिक संस्थागत क्षमता विकास नै हो', उनले भने, ' टिमवर्क बृद्धि गरी गुणस्तरीय सेवा प्रवाह गर्नु हाम्रो उद्देश्य हो ।' कनकाईमा प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्हालेसँगै न्यौपानेले नगरको काम-कारबाही, विकास निर्माण, सेवा प्रवाहलाई चुस्तदुरुस्त बनाउने प्रयास गरिरहेको जनाइएको छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

हार्दिक बधाई तथा शुभकामना

निर्माण व्यवसायी महासंघका पूर्व केन्द्रीय सदस्य ,निर्माण व्यवसायी संघ झापाका पूर्व अध्यक्ष तथा सल्लाहकार , मैनाचुली ह्युमपाईप उद्योगका प्रवन्ध निर्देशक आदरणीय दाई गोपालबहादुर थापा नेपाल क्षयरोग निवारण संस्था झापा शाखाको सभापति जस्तो गरिमामय पदमा पुन: निर्वाचित हुनुभएकोमा बधाई दिँदै उहाँलगायत सम्पूर्ण निर्वाचित टिमलाई सफल कार्यकालको लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

रमेश अधिकारी
प्रबन्ध निर्देशक: माईक्रो कन्स्ट्रक्सन प्रा.लि.
प्रथम उपाध्यक्ष: निर्माण व्यवसायी संघ झापा

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जामुनबारी,झापा
१ नं प्रदेश, नेपाल

अपाङ्गता सहायता सहजकर्ता पदका लागि दरखास्त आह्वान गरिएको सूचना
प्रथम पटक प्रकाशित मिति: २०७९/१०/०६

यस कनकाई नगरपालिकामा अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक पर्ने सम्पूर्ण सूचना तथा परामर्श सेवा प्रदान गर्नका लागि स्थापना गरिने अपाङ्गता सहायता कक्षका लागि प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा एकजना अपाङ्गता सहायता सहजकर्ताको पदपूर्ति गर्नुपर्ने भएकाले आवश्यक न्यूनतम योग्यता पुगेका इच्छुक योग्य नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिएको छ। यसका लागि तोकिएको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरू भरी पासपोर्ट साईजको फोटो १ प्रति टाँस गरी सो का साथ आफ्नो नेपाली नागरिकता, अपाङ्गता परिचय-पत्र र दरखास्त दिने पदको लागि तोकिएको अन्तिम शैक्षिक योग्यता प्रमाण-पत्रको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र, परीक्षा दस्तुर तिरेको बैंक भौचरको/राजस्व भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी यस कनकाई नगरपालिकाको कार्यालय समक्ष पेश गर्नु पर्नेछ । रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन । साथै, प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्वारहरूको दरखास्त उपर कुनै कारवाही हुने छैन । झुट्टा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ ।

१. विज्ञापन नं:- ११-०७९/०८०
२. पदः- अपाङ्गता सहायता सहजकर्ता (अपाङ्गता भएको व्यक्ति मात्रै)
३. मागसख्या:- १ जना
४. सेवाको किसिमः- करार सेवा
५. दरखास्त बुझाउने अन्तिम मितिः- २०७९/१०/२० गते शुक्रबार कार्यालय समय भित्र
६. उम्मेद्वारको छनौट विधिः- प्रत्यक्ष मौखिक अन्तर्वार्ता तथा अन्य विविध पक्षको मूल्याङ्कन
७. दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थानः- कनकाई नगरपालिकाको कार्यालय)
८. परीक्षा दस्तुरः- रू ३००।- (तीनसय रूपैयाँ मात्र)
९. परीक्षा दस्तुर बुझाउने प्रकृयाः बैंक भौचर वा राजस्व तिरेको भौचर फारामसाथ पेश गर्नुपर्नेछ ।
१०.परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः- दरखास्त फाराम भर्ने अन्तिम म्याद सकिएको दुईदिन भित्र यस नगरपालिकाको सूचना पाटीमा टाँस गरिनेछ । साथै, वेब साइटमा समेत राखिनेछ ।
११.आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार सहजकर्ता छनौट तथा सिफारिस समितिमा निहित रहनेछ ।
१२. मासिक तलवः करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।
१३. आवश्यक न्यूनतम योग्यताः
(क) नेपाली नागरिक ।
(ख) अपाङ्गता भएका व्यक्ति ।
(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट +२ वा सो सरह उत्तीर्ण गरेको ।
(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।
(ङ) अपाङ्गता सम्बन्धी काम गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थामा काम गरेको अनुभव भएको, कम्प्युटर सम्बन्धि तालिम लिएको, बहिरा नागरिकको लागि सांकेतिक भाषा दोभासे तालिम प्राप्त गरेको, स्थानीय अपाङ्गता भएको महिलालाई विशेष प्राथमिकता दिइनेछ ।

Government of Nepal
Ministry of Urban Development
Department of Local Infrastructure (DoLI)
Rural Connectivity Improvement Project (RCIP)
Project Implementation Unit-1 (PIU-1)
Jhapa, Nepal

Notice of Intention to Award the Contract
(First date of Publication: 20 January 2023)

This is to notify to all concerned bidders pursuant to Section 27, Sub-section 2 of the Public Procurement Act, 2063 that we intend to accept the bid received for the IFB No.: RCIP/PIU-1/Jhapa-02/2079/080 dated 6 December, 2022 for the Upgrading of Pariwartit Tole-Manechowk-Thulo Gaun Road (Morang District Pallo Line Road), Kanepokhari-5, in Morang district with the contract identification no. as listed below under Rural Connectivity Improvement Project (RCIP). The Bidder's Bid price as corrected and modified in accordance with the ITB is as follows:

S.N.	Contract ID No.	Substantially Responsive Lowest Evaluated Bidder	Bid Amount including PS & VAT	
			in Figure (NPR)	in Words (NPR)
1	DoLI/RCIP/PIU-1/Works/NCB-02/2079/080	M/S Aarsha Construction Pvt. Ltd., Biratnagar-04, Morang	12,934,120.54	Twelve million nine hundred thirty four thousand one hundred twenty rupees and Paisa five four only.

PROJECT MANAGER

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
... तपाईको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)

निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

प्रदेश नं. १ पाँचथर जिल्ला ल्वांफु गा.वि.स. वार्ड नं.-५ स्थायी ठेगाना भई झापा जिल्ला बुद्धशान्ति गाउँपालिका वार्ड नं.- ४ बस्नुहुने, श्री नर बहादुर केरुङका छोरा, स्वर्गीय श्री सनस रानी केरुङका पति श्री लाल बहादुर केरुङको मिति २०७९/०९/२५ गते मृत्यु भएकाले निजका नाममा यस बैंकको शाखा कार्यालय बुधबारेमा रहेको वचत खाता नं. 00601000060116000001 मा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाऊँ भनी मृतककी छोरी श्री दिल कुमारी केरुङले मिति २०७९/१०/०५ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ वमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्वन्धित सवैमा जानकारीका लागि सूचित गरिएको छ ।

शाखा कार्यालय, बुधबारे
फोन नं. ०२३-५५५४२७

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
... तपाईको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)

निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

प्रदेश नं. १ इलाम जिल्ला सूर्योदय नगरपालिका वार्ड नं.-०४ स्थायी ठेगाना भई हाल सोही स्थानमा बस्ने श्री सुदर्शन दहालकी छोरी श्री इन्द्र प्रसाद पोखेलकी श्रीमती श्री नर्वदा पोखेलको मिति२०७९/०७/०८गते मृत्यु भएकाले निजको नाममा यस बैंकको शाखा कार्यालय फिक्कलमा रहेको बचत खाता नं. ०११०१२०००४६४१६००००००१ मा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाऊँ भनी मृतकका छोरा श्री युवराज पोखेलले मिति २०७९/०९/०५मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तिय संस्था सम्वन्धि ऐन २०७३ वमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्वन्धित सवैमा जानकारीका लागि सूचित गरिएको छ ।

शाखा कार्यालय, फिक्कल
फोन नं. ०२७-५४०४५८

गुगल रेष्टुरेन्ट एण्ड बार

शान्त तथा पारिवारिक वातावरणमा विभिन्न किसिमका स्वादिष्ट भेज तथा ननभेज परिकारका खानाहरु , म:म , चाउमिन , थुप्पा , सेकुवा, हुक्का तथा पेय पदार्थ सरल तथा सुपथ मूल्यमा पाउनुका साथै होम डेलिभरीको पनि सुविधा छ ।

स्वादिष्ट खानाको लागि हामीलाई सम्झनुहोस्

गुगल रेष्टुरेन्ट एण्ड बार
भद्रपुर रोड , बिर्तामोड (कुमारी बैंक पछाडी)
मो : ९८४२६७७३७७ , ९८०७९०४४३० , ९८०३२८०२३२
Free WiFi

बिर्तामोड नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा

इन्टरनेट केवल तथा टि.भी केवल तार व्यवस्थापन सम्बन्धी सार्वजनीक सूचना

यस बिर्तामोड नगरपालिका अर्न्तगतका नेपाल विद्युत प्राधिकरण र नेपाल टेलिकमले बिस्तार गरेका बिजुलीका पोल तथा टेलिकमका पोलहरुमा विभिन्न इन्टरनेट केवल तथा टि.भि केवलले जथाभावि रुपमा केवल तारहरु झुन्ड्याई नगरको सौंर्दयतालाई समेत असर पार्ने गरी राखिएको पाइएकाले अब उप्रान्त उक्त कार्य रोकी निम्न बमोजिम गर्न गराउनु हुन भनि यस अगावै सेवा प्रदायक संस्थाहरुलाई लेखि पठाइएकोमा हाल सम्म पनि उक्त कार्य नभएको पाईएकोले आजका मितिले ३५ दिन भित्रमा निम्नानुसारको कार्य गर्न/गराउनु हुन जानकारी गराईन्छ । साथै उक्त अवधिमा सो कार्य नभएको पाईएमा नगरपालिकाले कानून बमोजिम कार्वाहि गर्ने समेतको व्यहोरा सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

निम्न:-
१. आफ्नो केवलको पहिचान हुने गरि लेवल (ट्याग) लगाउने ।
२. इनएक्टीभ तार सबै हटाउने ।
३. कानून बमोजिम रजिष्ट्रेसन नभएका केवलहरुले रजिष्ट्रेसन गर्ने ।
४. सम्झौता नभएका संस्थाले सम्बन्धित पक्षसंग सम्झौता गरि पेश गर्ने ।

बिनोद कुमार न्यौपाने
प्रमुख प्रशासकिय अधिकृत

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

सिंचाईको व्यवस्था गर

यसपालीको हिउँदमा हिउँदे वर्षा खासै नहुने हुँदा सुख्खासँगै वायु प्रदूषण पनि बढ्ने सम्भावना छ । केही हप्ताअघि पश्चिमी वायुको प्रभावका कारण सुदूरपश्चिमका केही ठाउँमा वर्षा र हिमपात भए पनि देशका अन्य ठाउँमा खासै पानी परेन । मौसम धुम्मिए पनि वर्षा हुने गरी पश्चिमी वायु प्रवेश नगर्दा देशका धेरै ठाउँमा सुख्खा बढेको छ ।

पोहोर यतिबेला दुई–तीन पटकसम्म हिउँदे वर्षा भएको थियो । अहिले मौसम धुम्मिए पनि पानी पर्ने सम्भावना छैन । यही जनवरी महिनाको अन्तिमसम्ममा पश्चिमी वायुको शक्तिशाली प्रणाली प्रवेश गरे मात्रै पानी पर्ने संभावना छ। काठमाण्डौ उपत्यकामा साढे ३ महिनादेखि पानी परेको छैन । यसले गर्दा धुवाँ धुलो बढ्दै गएको छ ।

सुख्खा भएपछि आगलागीका घटना पनि बढ्ने भएकाले प्रदूषण अझै बढ्ने अनुमान गरिएको छ । यसपालि पश्चिमी वायुले ल्याउने प्रणाली पानी पर्ने खालको नभएकाले सबै ठाउँमा वर्षा नभएको मौसमविद्ले बताएका छन्।नेपालमा पश्चिमी वायु प्रवेश गरे पनि पर्याप्त जलवाष्पयुक्त हावा नआएकाले वर्षा हुन नसकेको हो ।

अहिले बादल लागे पनि पानी पार्ने प्रणाली नहुँदा सुख्खा हावा मात्रै चल्ने गरेको मौसमविद् बताउँछन् । यसपालिको जाडोयाममा औसतभन्दा बढी नै तापक्रम रहने प्रारम्भिक अनुमान गरिएको छ । पानी नपरेको निकै भइसक्यो । पानी नपर्दा किसानका बालीनाली फस्टाउन सकेको छैन । आकाशे पानीको भरमा खेती गर्ने किसानले पानी नपर्दा उब्जनी गर्न नसक्ने भएका हुन् । किसानले खेती गर्ने सबै भूभागमा सिंचाईको सुविधा पुगेको छैन । मल, बीउसंगै किसानहरुले सिंचाईको पनि समस्या भोगिरहेका छन् । किसानहरुलाई मल, बीउ, सिंचाईलगायतको व्यवस्था गर्न उनीहरुको माग छ। केही दिनअघि किसानहरुले ‘मलखाद र बीउको व्यवस्था गर, सिंचाईको व्यवस्था गर, हावाहुरी र वर्षाले बालीनालीमा भएको क्षति बापत राहत देऊ, उखु किसानको भुक्तानी गर’ लगायतका माग गरेका थिए। किसानका यी माग जायज छन् । सरकारले सिंचाईलगायतका माग पूरा गरोस् भन्ने ध्यानाकर्षण गराउन चाहन्छौं ।

नयाँ सरकारसित पुरानै अपेक्षा

• बेनीबहादुर कार्की

नयाँ सरकारसित जनताका नयाँ अपेक्षा छन् । अहिले नेपाल र नेपालीको यही मर्म बुझेर नै हुनुपर्छ प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले तेस्रो पटक प्रम भएयता सरकार मालिक होइन जनताको सेवक हो, म कम बोल्छु, काम धेरै गर्छु, म यस पटक नेपालीको जीवनस्तर उकास्न परिणाममुखी काम गर्छु आदि सकारात्मक अभिव्यक्ति सुरुदेखि नै दिइरहनु भएको छ । सरकारको मुली नै प्रम हुने भएकाले संविधानअनुसार बन्ने मन्त्रिपरिषद्ले पनि यही मर्म, भावनाअनुसार आफ्नो कार्यकालमा काम गर्नेछ भन्ने अपेक्षा गर्नुपर्ने हुन्छ । यो अपेक्षा किन गर्न सकिन्छ भने दाहाल तेस्रो पटक प्रधानमन्त्री हुनुभएको छ । यस पटक उहाँलाई विगतको कमीकमजोरी सुधार्ने अवसर मिलेको छ । यसअघिको समय सिकाइमै गयो । हन्डर ठक्कर र तितामिठा अनुभव भरपुर भएकै छन् । यो अवस्थामा आफ्नो जीवनकालकै इतिहास कायम गर्ने गरी असल र राम्रा काम गर्नुको विकल्प छँदै छैन । यो बेलैमा यो कुरा उहाँले मनन् गर्नुभएको छ यसलाई शुभ लक्षण मान्न सकिन्छ । यद्यपि परिणाममुखी काम भने हेर्न बाँकी नै छ । ३० वर्षे निरंकुश पञ्चायती शासनलाई ढालेर २०४६ सालमा प्रजातन्त्र ल्याएदेखि नै आफ्नै शासन व्यवस्था भनेर नेपाली जनताले गौरव गरेकै हुन् । सोपछि २०६२/६३ को आन्दोलनबाट ल्याइएको वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्रपछि झन् नेपाली जनताले आफैँले आफूलाई शासन गर्ने आफ्नै व्यवस्था ठान्नु स्वाभाविक नै हो । तर जनताले सोचेअनुसार राजनीतिक वातावरणअघि बढ्न सकेन । यतिबेला जनता निराश छन् । जनताका अपेक्षा निराशामा परिणत भएका छन् । विकासको गति धीमा छ । सुशासनले मुलुक चल्नुपर्नेमा त्यसको अनुभूति हुन सकेको छैन । बेरोजगारीका कारण अवस्था निराशाजनक छ । यसतर्फ सरकारको ध्यान गएको पाइँदैन । बरु उल्टै रेमिटेन्सको भरमा रमाएको पाइएको छ । चौतर्फी बिचौलिया र माफियाको चकाचक अझै हट्न सकेको छैन । सरकारका सबै तह, तप्कामा मात्र होइन न्याय कानुनका क्षेत्रमा समेत बिचौलियाको प्रभाव हुने अवस्था देखिन्छ । यसो भएकाले सर्वसाधारणलाई न्याय पाउन मुस्किल र महँगो भइसकेको छ । यो अवस्था भनेको निश्चित रूपमा गम्भीर हो । वर्तमान सरकारलाई बिचौलियाको कडी नतोडी नहुने अवस्था आएको छ । तत्कालै मुलुकमा रहेको यो दलदल तोडेर नेपाली जनताले महसुस गर्ने गरी परिणाम ल्याउने काम गर्न नसक्ने हो भने यो सरकार पनि पहिलेका सरकारहरू जस्तै हुनेछ । अहिले मौका जुरेको छ । प्रम दाहाल यस पटक फरक रूपमा प्रस्तुत हुनुपर्नेछ ।

उपप्रधानमन्त्रीमा रवि लामिछाने आकाशै झार्न खोज्ने महत्वाकांक्षी युवा हुनुहुन्छ । आफ्नै भविष्यका लागि भए पनि उहाँले राम्रो काम नगर्ने कुरै भएन । अरू उपप्रधानमन्त्री पनि खारिएका छन् । उहाँहरूले पनि राम्रो काम गर्नुको विकल्प छैन । प्रम र उपप्रमले राम्रो गरेपछि बाँकी मन्त्रीले राम्रो गर्न बाध्य हुनैपर्छ । त्यसमा पनि संसद्मा आउनुभएका नयाँ अनुहारको पनि राम्रै गर्ने आवाज आइरहेको छ । यस्तो अवस्थामा संसदमा २६८ जना सांसद्को दाहाल सरकारलाई समर्थन छ । यो अवसर पनि हो सरकारका लागि । यही भएकाले नै प्रम दाहालले यो सरकारलाई साझा सरकार भएकोले यो पटक राम्रो काम गर्छु, नराम्रो काम गर्न कसैलाई गर्न दिन्न भनेर सुरुमै भनिरहनु भएको छ । यसअघिका सरकारले गरेका कामले नेपाली जनता आजित र निराश भइसकेकाले अब यो सरकारलाई राम्रो गर्नुको विकल्प छैन । अझै राम्रो नगर्ने हो भने नकारात्मक परिणामको दोष यही सरकारको टाउकोमा थोपरिने भएकोले वर्तमान राज्य प्रणालीलाई बचाएर अघि बढाउने दायित्व यही सरकारको काँधमा आएको छ । यसरी राष्ट्रको स्वाभिमान बचाएर नेपालको भूमि र अस्तित्व रक्षाका लागि सबै मित्र मुलुकसँग सन्तुलित सम्बन्ध राख्नुपर्ने जिम्मेवारी यो सरकारमा छ । नेपाली राजनीतिमा हुने गरेका चाहिने नचाहिने हल्ला, चर्चा र आरोप, प्रत्यारोपलाई वास्तै नगरी नेपाल र नेपालीको हितलाई लक्ष्मणरेखा बनाएर काम गर्ने हो भने अहिले राजनीतिक वृत्तमा चलेका चर्चा आफैँ हराएर जानेछन् । आफू निस्वार्थ र निर्भीक भएर काम गर्ने हो भने अहिले नेपालमा भइरहेका विकृति हटाउन सम्भव हुन्छ । यसको लागि आफू कतै चुक्नुहुन्न र निस्वार्थ र दृढतापूर्वक गर्नुपर्ने काम गरेर अघि बढ्न सक्नुपर्छ । यसो गरेमा भ्रष्टाचार नियन्त्रण हुन्छ, हुन्छ, बिचौलियाहरू स्वतः कम हुन्छन् । यसका लागि भ्रष्टाचारीलाई कारबाही गर्न सक्नुपर्छ । यो र त्यो नभनी जो होस् भ्रष्टाचारीलाई कुनै छुट दिनु हुँदैन । यती भयो भने मुलुकको अहिलेको जल्दोबल्दो समस्या समाधान हुन्छ । यो भनेको आधा समस्या समाधान हुनु हो । अब बाँकी समस्या भनेको स्वदेशमै रोजगारी दिनु हो । यसका लागि रोजगारीका सम्भावना पहिचान गर्न आवश्यक छ । यो पनि गाह्रो भए पनि असम्भव पक्कै छैन । यो समस्या समाधानका लागि सर्वप्रथम कृषिलाई केन्द्रबिन्दु बनाएर काम अघि बढाउना साथ आधा समस्या समाधान हुन्छ । बाँकी रहेको रोजगारीको समस्या समाधान गर्न अहिले पुँजीको अभावले ठूला उद्योग सम्भव नभए पनि घरेलु उद्योगको सम्भावना छ । निजी क्षेत्रलाई कर र दर्तामा विशेष सुविधा दिने हो भने नेपालमा प्रशस्त उद्योग खोलेर घरघर, गाउँगाउँमा रोजगारी सिर्जना गर्न सकिन्छ । भ्रष्टाचार र बिचौलिया नियन्त्रण, बेरोजगारलाई रोजगारी हुनासाथ नेपालीहरू क्रमशः सीपयुक्त र आत्मनिर्भर हुनेछन् । ढिलासुस्ती र बेथिति पनि भ्रष्टाचारसँगै जोडिएकोले भ्रष्टाचारसँगै ढिलासुस्तीका साथै ठाउँठाउँमा सेवाग्राहीका लामा, लामा लाइन पनि हटेर जानेछ । यति हुन सके सरकारको जय, जयकार जताततै हुनेछ । यसका लागि नेतृत्वमा सकारात्मक सोच, काम गर्ने शैली शुद्ध र निस्वार्थ हुन जरुरी छ ।

यसअघि नेताहरूको कमी कमजोरीकै कारण कर्मचारीले गरेको गल्तीको दोष पनि नेताहरूले नै बोक्नु परेको थियो । त्यसैले नेता र समग्रमा राज्यको नेतृत्व दूधले धोएझैँ चोखो हुने हो भने अहिले सबैलाई पिरोलेको समस्या क्रमशः हटेर जानेछन् । विद्धान् र अनुभवीको भनाइमा यो संसारमा गरे सबै सम्भव छ । गर्नेका लागि के सम्भव हुँदैन र ? सम्भव हुने भएकाले नै थोरै समयमा सिङ्गापुर र मलेसियालाई त्यहाँका तत्कालीन नेताले विकसित देशको दर्जामा उठाए । नेपालमा यसो गर्ने राजनेताको अभाव महसुस गरिएकै हो । त्यसैले हामी अहिले पुर्पुरोमा हात लगाउन बाध्य छौँ । यो अवस्थाको अन्त्य गर्ने जिम्मेवारी वर्तमान सरकारको काँधमा आएको छ । प्रचण्ड सरकारले प्रचण्ड बहुमत पाएको यो सुनौलो अवसरमा राम्रो काम गर्नुको विकल्प छँदै छैन । यसको भरपुर उपयोग गरेर नेपाल, नेपाली र आफ्नोसमेत इतिहास लेख्ने सुवर्ण अवसरबाट नचुकौँ ।

प्रभावकारी आर्थिक कुटनीति

• भरत गौतम



सबल अर्थतन्त्र नै नागरिक सुशासनको सूचक हो । शासकीय कुशलताले मात्र अर्थतन्त्रको सुधार गर्न सक्छ । स्रोत साधनको उपयोग , प्रविधिको प्रयोग एवं माग र आपूर्तिको सहजताले अर्थतन्त्रलाई चलाएमान बनाउँछ । अर्थतन्त्रको प्रमुख स्रोत जनशक्ति हो जनशक्तिले अर्थतन्त्रलाई सक्रिय र सबल बनाउन योगदान गरेको हुन्छ । आर्थिक प्रभावकारिताले राष्ट्रको गौरव र प्रतिष्ठा बढाउँछ । विश्व अर्थतन्त्रको हालको अवस्थालाई नियाल्दा कोभिडको महामारीको प्रभावले रोजगारीलगायतका क्षेत्रमा असर पऱ्यो । अझै पनि कोभिडको सन्त्रास सकिएको छैन । मित्र राष्ट्र चीनमा कोभिडको प्रभाव देखिएको छ । रुस र युक्रेनको युद्धले विश्वमा आपूर्ति व्यवस्थामा प्रतिकूलता देखियो । इन्धन , खाद्यान्नलगायतका वस्तुमा आपूर्ति अवरोध हुँदा मूल्यवृद्धि भई मुद्रास्फीतिको चाप पऱ्यो । जलवायु परिवर्तनको असरले पाकिस्तानमा बेमौसमी वर्षा भई बाढी पहिरोको कारण जनधनको क्षति भयो । युरोपमा तापक्रम बढेर जनजीवनमा असर देखियो । प्रायः मुलुकमा जलवायु परिवर्तनको विभिन्न असरले अर्थतन्त्रमा प्रतिकूलता देखियो । आगामी दिनमा आर्थिक मन्दी आई अर्थतन्त्रको गतिशीलतामा अवरोध आउने भविष्यवाणी गरिएको छ । विश्व बैङ्कले सन् २०२३ मा विश्वको कुल गार्हस्थ्य उत्पादनमा १.७ प्रतिशत वृद्धि हुने आर्थिक वृद्धि तीन प्रतिशत हुने अनुमान गरेको छ । विकसित देशको आर्थिक मन्दीका कारण अर्थतन्त्रमा ०.५ प्रतिशतले गिरावट हुने अनुमान गरिएको छ । कोभिडको असर , जलवायु परिवर्तन र क्षेत्रीय राजनीतिक तनावले विश्व अर्थतन्त्रमा प्रतिकूलता हुने हो कि भन्ने आशङ्का छ ।

विश्व अर्थतन्त्रको असर विश्वभरि नै हुने हुँदा नेपाल पनि प्रभावित हुने देखिन्छ नै । नेपालले सार्वजनिक , निजी र सहकारी तीन खम्बे नीति अङ्गीकार गरेको र चालू आ.व.मा आठ प्रतिशतको आर्थिक वृद्धि गर्ने लक्ष्य लिइएको छ । नेपालको कुल गार्हस्थ्य उत्पादन करिब ४० खर्ब वरिपरि भएकोमा विश्व आर्थिक प्रभावले आगामी दिनमा आर्थिक वृद्धिदर र कुल गार्हस्थ्य उत्पादनको वृद्धिमा अपेक्षित नतिजा प्राप्त नहुने आशङ्का गर्न सकिन्छ । पन्ध्रौँ योजनामा समृद्ध नेपाली सुखी नेपालीको दीर्घकालीन सोचसहित वार्षिक १०.५ प्रतिशतले आर्थिक वृद्धि हुने अनुमान गरिएको छ । नेपालले सन् २०२७ सम्ममा दिगो लक्ष्य पूरा गर्ने लक्ष्य राखेको छ । वि.सं. २१०० मा नेपालीको प्रति व्यक्ति आम्दानी अमेरिकी डलर १२,१०० हुने लक्ष्य राखिएको छ । हालै सरकारले अर्थतन्त्रको अवस्था सार्वजनिक गरेको छ । नेपालको विप्रेषण आप्रवाह २३ प्रतिशतले बढेर चार खर्ब ८० अर्ब ५० करोड रुपियाँ पुगेको छ । यसले विदेशी मुद्रा सञ्चितिमा सकारात्मक सङ्केत गरको छ । आयात घट्दा शोधान्तर स्थिति सुधार भई ४५ अर्ब ८७ करोड रुपियाँ बचत रहेको छ । बजारमा तरलता बढेका कारण बैङ्कको ब्याजदर घटेको अवस्था छ ।

विगतमा अर्थतन्त्रको प्रभाव विदेशी मुद्रा सञ्चितिमा पऱ्यो । श्रीलङ्काले विदेशी ऋणको असर र विदेशी मुद्राको अभावका कारण देशलाई टाट पल्टेको घोषणा गर्नु प-यो । नेपालको आर्थिक परिसूचकहरू ऋणात्मक देखिँदा नेपाल पनि श्रीलङ्काजस्तै हुने हो कि भन्ने चिन्ता स्वाभाविक थियो । अर्थतन्त्रमा बाह्य प्रभावले भुक्तानी सन्तुलन र विदेशी मुद्रा सञ्चितिमा चापका कारण आयात नियन्त्रण गर्ने नीति सरकारले लियो । कोभिडका कारण वैदेशिक रोजगारीको अवसर घटेर विप्रेषणको आम्दानीमा असर पर्न गयो भने पर्यटन क्षेत्रको आम्दानी पनि स्वाभाविक रूपमा घट्न पुग्यो एवं निर्यात बढ्ने सम्भावना नै रहेन । जलवायु परिवर्तनको असरले नेपालमा पनि बेमौसमी वर्षाका कारण कृषि उत्पादनमा प्रतिकूलता देखियो । सहकारी संस्थाको वित्तीय अवस्थाको कारण सहकारी क्षेत्रको विश्वास गुम्ने हो की भन्ने चिन्ता थपिएको छ । आर्थिक पूर्वाधार निर्माणका कामहरू सन्तोषजनक नभएको गुनासो रह्यो । सार्वजनिक खर्च प्रणाली र ऋण व्यवस्थापनमा पनि सरकारको आलोचना नै रहेको पाइयो । आर्थिक कूटनीति प्रभावकारी हुन सकेन र देशको हित प्रवर्द्धन गर्न कमीमा कमजोरी रह्यो । विश्वमा आउने मन्दीका कारण गरिबी घटाउने र आर्थिक उन्नति गर्ने विषयमा अवरोध आउने अनुमान गर्न सकिन्छ । नेपालको अर्थव्यवस्थाको सुधारका कारण सन् २०२६ मा नेपाल अल्पविकसित देशबाट विकासशील देशमा स्तर उन्नति हुने अवस्थामा समेत प्रभाव पर्ने हुन सक्छ । विप्रेषण आम्दानीमा समेत उतारचढाव हुने सम्भावनाको अनुमान गर्न सकिन्छ । नेपालले मन्दीको असर न्यून गर्न के कस्ता तयारी गरेको छ भन्ने विषय महत्वपूर्ण छ । नयाँ सरकारको गठन भएको छ । सरकारले लिने आर्थिक दिशा कस्तो हुने हो भन्ने विषयमा बहस पैरवी हुन बाँकी छ । एकल पाटीको सरकार नहुँदा सरकारमा सहभागी दलको अवधारणालाई पनि समेट्नु पर्ने हुन्छ । सरकारले अल्पकालीन र दीर्घकालीन योजनाका साथ विश्व परिवेशको अवस्था आकलन गरी विश्व साझेदारीको अवधारणाअनुसार अघि बढ्नुपर्ने देखिन्छ । अर्थतन्त्रलाई चलायमान बनाउन अवरोधको आकलन गरी सामना गर्ने रणनीति बनाइ कार्यान्वयनमा जानु पर्छ ।

वश्व अर्थतन्त्रको असर विश्वभरि नै हुने हुँदा नेपाल पनि प्रभावित हुने देखिन्छ नै । नेपालले सार्वजनिक , निजी र सहकारी तीन खम्बे नीति अङ्गीकार गरेको र चालू आ.व.मा आठ प्रतिशतको आर्थिक वृद्धि गर्ने लक्ष्य लिइएको छ ।

अर्थतन्त्रमा देखिन सक्ने मन्दीको असर कम गर्न र आन्तरिक सुधारसहित अगाडि बढ्नुको विकल्प छैन । विश्व आर्थिक मन्दीले वैदेशिक रोजगारीमा असर पर्न सक्छ । रोजगारीका अवसर कम हुँदा वैदेशिक रोजगारीको माग घट्न गई विप्रेषण आयमा समेत असर पर्छ र विदेशी मुद्रा सञ्चितिमा कम हुन जान्छ । पर्यटन क्षेत्रमा पनि मानिसको रोजगारी गुम्दा आयमा पर्ने असरले पर्यटन क्षेत्रको आम्दानी घट्ने र पर्यटन रोजगारीमा समेत असर पर्ने देखिन्छ । मन्दीको समयमा विदेशी लगानीको अवसरमा समेत प्रभाव पर्छ नै । निर्यात व्यापारमा अन्तर्राष्ट्रिय माग घट्दा निर्यात स्वत न्यून हुनेछ । यसका लागि आन्तरिक अर्थतन्त्रलाई चलायमान बनाउन रोजगारी सिर्जना हुने र आयात प्रतिस्थापन गर्ने उपाय अवलम्बन गर्नुपर्छ । अर्थतन्त्रमा जलवायु परिवर्तनको असर न्यून गर्न विश्वव्यापी दबाबका लागि जनजीविका र उत्पादनमा परेको असरको प्रतिकूलता व्यवस्थापन गर्न क्षतिपूर्तिको दाबी साथ अघि बढ्नु पर्ने देखिएको छ ।

क्षेत्रीय राजनीति तनावको सामना गर्न आन्तरिक उत्पादन बढाइ आपूर्ति सहज बनाउनुको विकल्प छैन । आन्तरिक उत्पादन बढाउन शासकीय एकाइले स्थानीय उत्पादनको प्रवर्द्धन गर्न प्राविधिक सहयोग र बजार व्यवस्थापनमा जोड दिनुपर्ने देखिन्छ । नागरिकलाई आन्तरिक उत्पादनको उपभोग गर्न प्रोत्साहन गर्ने र विलासिताका वस्तु उपभोग गर्न निरुत्साहित गर्ने उपाय अवलम्बन गर्नुपर्ने देखिन्छ ।

सहकारी क्षेत्रमा देखिएका विकृतिले अर्थतन्त्रमा नकारात्मक प्रभाव पर्ने देखिएकाले विद्यमान नीति नियममा पुनर्विचार गर्ने र नियमन प्रक्रियालाई प्रभावकारी बनाउन जरुरी छ । निजी क्षेत्रले उत्पादनभन्दा व्यापारमा ध्यान दिएको अनुत्पादक क्षेत्रमा लगानी गर्न उत्साहित भएकाले सरकारसँग साझेदारी गरी अर्थतन्त्रको सुधार गर्न अघि बढ्ने र निजी क्षेत्रको सक्रियताका लागि नीतिगत र संस्थागत सुधार गर्न आवश्यक छ । आर्थिक पूर्वाधारको समयमा निर्माण गर्ने , सार्वजनिक खर्च गर्ने प्रणालीमा सुधार गर्ने र राज्यले आर्थिक प्रभावकारिताको अध्ययन गरी ऋण लिनु उपयुक्त हुन्छ । विदेशी लगानी, पर्यटनको प्रवर्द्धन र निर्यात व्यापार प्रवर्द्धन गर्न आर्थिक कूटनीतिलाई प्रभावकारी बनाउन जोड दिनुपर्छ । अर्थतन्त्रको हेक्का गरिएन भने राजनीतिको समेत दुरवस्था हुने अवस्था आउँछ । विश्व अर्थतन्त्रको प्रभावमा हामी अछुतो रहन सक्दैनौँ । जनतामा उत्साह जगाइ आर्थिक क्रियाकलापलाई सक्रिय बनाउनुको विकल्प छैन । साधन र स्रोत , प्रविधि र परिचालनको संयोगबाट देशको अर्थतन्त्र गतिशील बनाउन सकिन्छ । आर्थिक अवरोध कम गर्न शासकीय कुशलताको खाँचो पर्छ ।

Pratidin National Daily
प्रतिदिन
तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस

प्रजापति वनको नयाँ समितिले गर्‍यो पदभार ग्रहण

कनकाई(प्रस) ।झापाको कनकाई-१ स्थित प्रजापति सामुदायिक वनमा निर्वाचित पदाधिकारीसहित सदस्यहरुले पदभार ग्रहण गरेका छन् ।

गत पुष २३ गते सम्पन्न निर्वाचनबाट निर्वाचित सम्पूर्ण पदाधिकारीसहित सदस्यहरुलाई निर्वाचन समितिका संयोजक सूर्यकुमार थापाले एक कार्यक्रमका बीच शपथ ग्रहण गराएका हुन् । शपथ ग्रहणसँगै नवनिर्वाचित समितिले पदभार ग्रहण गरेको छ । निर्वाचन समितिका संयोजक थापाको सभापतित्व एवं कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेलको प्रमुख आतिथ्य रहेको कार्यक्रममा निर्वाचन समिति सदस्य बिमला अधिकारीले सहभागी सबैलाई स्वागत गरेकी थिइन् ।

कार्यक्रममा निवर्तमान समितिका कार्यबाहक अध्यक्ष दलबहादुर वि.क.ले नवनिर्वाचित अध्यक्ष मातृका पोखरेललाई संस्थाको तर्फबाट अध्यक्षले प्रयोग गर्ने आवश्यक सामग्री हस्तान्तरण गरेका थिए । त्यस्तै निवर्तमान सचिव गोमा अधिकारी खवासले नवनिर्वाचित सचिव दलबहादुर बि.क.लाई संस्थाको माइन्युट हस्तान्तरण गरेकी थिइन् । यसै अवसरमा निवर्तमान समितिका सम्पूर्ण पदाधिकारी साथै सदस्यहरुलाई विदाई साथै नवनिर्वाचित समितिलाई स्वागत सम्मान गरिएको निर्वाचन समितिका सचिव षडानन्द पोखरेल(शम्भु) ले जानकारी दिए । निर्वाचन समितिका संयोजक थापाले औचित्यमाथि प्रकाश पारेको कार्यक्रमको संचालन निर्वाचन समितिका सचिव पोखरेलले गरेका थिए । कार्यक्रममा निर्वाचन समितिका तर्फबाट भएको खर्च विवरण समितिका सदस्य साथै प्रजापति सामुदायिक वनका लेखा संयोजक लक्ष्मी अधिकारीले सार्वजनिक गरेका थिए ।

पदभार ग्रहण गर्ने नवनिर्वाचित समितिमा अध्यक्ष मातृका पोखरेल, उपाध्यक्ष प्रमिला डाँगी, सचिव दलबहादुर बि.क., सहसचिव लालबहादुर इदिङ्गो, कोषाध्यक्ष गोमा अधिकारी खवास रहेका छन् । त्यस्तै सदस्यहरुमा जंगबहादुर वि.क., टिकादेवी पिठाकोटे, ओमप्रकाश दुलाल, तेजकुमारी बुढाथोकी, खुमा सिग्देल(खुस्बु), गुरुभक्त दंगाल,अमृतकुमार गिरी र दिपा कट्टेल दहाल रहेका छन् ।

दुई चरणमा भएको कार्यक्रमको दोस्रो चरण नवनिर्वाचित अध्यक्ष मातृका पोखरेलको सभापतित्वमा सम्पन्न भएको हो । षडानन्द पोखरेल(शम्भु)ले संचालन गरेको औपचारिक कार्यक्रममा कनकाई नगर प्रमुख राजेन्द्रकुमार पोखरेल, कनकाई-१ का वडाध्यक्ष सुशिलकुमार पोखरेल, वन समूहका पूर्व अध्यक्ष दुर्गाप्रसाद निरौला, जामुनबारी सामुदायिक वनका अध्यक्ष ख्यामराज सिटौला, राजनीतिक दलका तर्फबाट एमाले कनकाई-१ का वडाध्यक्ष डिल्लीरमण भट्टराईलगायतले नवनिर्वाचित समितिको कार्यकाल थप रचनात्मक बनोस् भन्दै शुभकामना व्यक्त गरेका थिए ।

रास्वपाका मातृका बने अध्यक्ष

निर्वाचनमा प्रमुख राजनीतिक दलका उम्मेद्वारहरुलाई पाखा लगाउँदै राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट उम्मेद्वार बनेका मातृका पोखरेल अध्यक्षमा निर्वाचित भएका हुन् ।

नेपाली कांग्रेस र माओवादीको गठबन्धन साथै एमाले तर्फका र केही स्वतन्त्र समेत गरी अध्यक्ष पदका लागि ६ जनाले उम्मेद्वारी दर्ता गराएका थिए । त्यसमध्ये पनि प्रमुख राजनीतिक दलको समर्थनमा बनेका उम्मेद्वारलाई धैरै मतान्तरले पछि पारेका मातृकाले आफ्नो प्रतिस्पर्धीका रुपमा स्वतन्त्र तर्फका रामकुमार पोखरेललाई ३५ मतको अन्तरले पछि पार्दै विजयी बनेका हुन् । अध्यक्षमा निर्वाचित मातृकाले ३सय ६१ मत प्राप्त गरेका थिए भने उनका प्रतिस्पर्धीका रुपमा रहेका रामकुमारले ३ सय २६ मत ल्याएका थिए ।

त्यस्तै दौडको तेस्रो स्थानमा रहेका एमाले तर्फका डिल्लीरमण भट्टराईले २सय ३ मत प्राप्त गर्दा कांग्रेस र माओवादी तर्फको गठबन्धनका उम्मेद्वार मोहन खतिवडाले १ सय ४ मत प्राप्त गरेको बताइएको छ । त्यस्तै स्वतन्त्रका हरि पोखरेलले २० र सुनिल पोखरेलले १० मत प्राप्त गरेको निर्वाचन समितिले जनाएको छ ।

त्यस्तै उपाध्यक्षमा एमालेकी प्रमीला डाँगी २९७ मत प्राप्त गरी निर्वाचित भएकी थिइन् । उनका प्रत्यासी राष्ट्रिय स्वतन्त्र पार्टीका निर्मला ढकालले २५१ मत प्राप्त गरिन् । त्यस्तै सचिवमा एमालेका दलवहादुर वि.क.ले आफ्ना प्रतिस्पर्धी काग्रेसका डिल्ली रिजाललाई ६ मतको अन्तरले पछि पार्दै निर्वाचित भएका हुन् । निर्वाचित वि.क.ले २९८ मत प्राप्त गरेका थिए भने उनका प्रत्यासी नेपाली कांग्रेसका डिल्ली रिजालले २९२ मत प्राप्त गरे । त्यस्तै सहसचिवमा एमालेका लालबहादुर इदिङ्गो ३४१ मत प्राप्त गरी निर्वाचित भए भने उनका प्रत्यासी स्वतन्त्रकी इम्प्रेसा थापा २२६ मत प्राप्त गर्न सफल भइन् । कोषाध्यक्षमा एमाले तर्फकै गोमा अधिकारी खबास ३२७ मत ल्याएर विजयी बनेकी छन् भने प्रत्यासी स्वतन्त्रकी उमा मगरले २३१ मत प्राप्त गरेकी थिइन् ।

दलित तथा जनजाति सदस्यतर्फ पनि एमालेका जंगबहादुर वि.क.ले २७३ र टिकादेवी पिठाकोटे मगरले ३७१ मत प्राप्त गरी विजयी बनेका छन् । उनीहरुका प्रत्यासी क्रमशः राष्ट्रिय स्वतन्त्र पार्टीकी मना सुन्दास नेपालीले २४९ मत र कांग्रेसका ओमप्रकाश प्रधानले २४२ मत प्राप्त गर्न सफल भएको बताइएको छ ।

बिजेता सदस्यहरुमा क्रमशः टोल नं.१ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका ओमप्रकाश दुलालले १३५ मत र महिला सदस्य कांग्रेसबाट तेजकुमारी बुढाथोकीले १७८ मत प्राप्त गरी विजयी बनेका छन् । टोल नं.२ र ३ बाट निर्वाचित भएका एमाले तर्फका सदस्यहरुमा क्रमशः खुमा सिग्देल(खुस्वु)ले ९९, गुरुभक्त दंगालले १२५ मत, अमृतकुमार गिरीले १०२ र दिपा कट्टेल दहालले १४६ मत प्राप्त गर्दै विजेता बनेको निर्वाचन समितिले जनाएको छ ।

वन समूहको १३ सदस्यीय समितिमा क्रमशः अध्यक्ष र एकजना सदस्यमा राष्ट्रिय स्वतन्त्र पार्टीबाट निर्वाचित भएका छन् भने उपाध्यक्ष, सचिव र कोषाध्यक्षसहित १० जना एमालेबाट निर्वाचित भएका छन् । कांग्रेस र माओवादीको गठबन्धनबाट भने एकजना सदस्य निर्वाचित भएको बताइएको छ ।

अवैध उत्खनन् गर्ने दुई ट्र्याक्टरसहित चालक

झापा(प्रस) । निन्दा खोलामा अवैध रुपमा ढुङ्गा उत्खनन् गर्ने दुई ट्र्याक्टरसहित चालक पक्राउ परेका छन् ।

मंगलवार साँझ ५.५५ बजे प्रहरी चौकी तिरिङ खोलाबाट खटिएको प्रहरी टोलीले जिल्ला झापा मेचीनगर नगरपालिका वडा नं.२ स्थित निन्दा खोलाको सिरान(चुरे क्षेत्र) मा अबैध रुपमा ढुङ्गा उत्खनन् गरिरहेको फेला पारी ज २ त ९५३ न.को ट्र्याक्टर र सोको चालक सोही ठाउँ बस्ने २५ वर्षिय सुवास लिम्बूलाई नियन्त्रणमा लिएको छ । उनलाई आवश्यक कार्बाहीको लागि मेचीनगर नगरपालिकाको कार्यालयमा बुझाइएको छ ।

साथै बुधवार बिहान ११.३० बजे प्रहरी चौकी बाहुनडाँगीबाट खटिएको प्रहरी टोलीले मेचीनगर नगरपालिका वडा नं.३ मा अबैध रुपमा ढुङ्गा ओसार-पसार गरिरहेको फेला पारी प्र.१-०१-००१ त ९२१९ नम्बरको ट्र्याक्टर र सोको चालक सोही ठाउँ बस्ने २२ वर्षिय मौसम भुजेललाई नियन्त्रणमा लिई आवश्यक कार्बाहीको लागि मेचीनगर नगरपालिकाको कार्यालयमा बुझाएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

'पठान' बाट छवि बदल्न चाहन्छन् शाहरुख

एजेन्सी । अभिनेता शाहरुख खानलाई भलै बलिउडमा 'रोमान्सको बादशाह' भनिन्छ, तर यी अभिनेताको बलिउड यात्राको चाहना भने अलग थियो ।

३२ वर्षअघि पहिलोपटक हिन्दी फिल्ममा पाइला चाल्दा उनी एक्सन हिरो बन्न चाहन्थे । यहीकारण उनले रिलिजको तयारीमा रहेको फिल्म 'पठान'मा जासुसको भूमिका निभाएका छन् । '३२ वर्षअघि म फिल्म उद्योगमा एक एक्सन हिरो बन्नका लागि आएको थिएँ । तर म यसमा चुकें किनकि बलिउडले मलाई रोमान्टिक हिरो बनाइदियो । म केवल एक्सन हिरो बन्न चाहन्थें', शाहरुख भन्छन्, 'मेरो अर्थ हो कि ' दिलवाले दुल्हनिया ले जाएँगे' मनपर्छ र म राहुल र राज र यी सबै केटा (फिल्मका चरित्र) सँग प्रेम गर्छु । तर मलाई जहिल्यै लाग्थ्यो कि म एक एक्सन हिरो हुँ, त्यसकारण मेरा लागि यो सपना साँचो हुनुजस्तै हो ।' सन् २०२२ मा बलिउडको निराशाजनक प्रदर्शनपछि सन् २०२३ मा सिद्धार्थ आनन्दद्वारा निर्देशित 'पठान' बलिउडको रिलिज हुन लागेको पहिलो फिल्म हो ।

यसअघि शाहरुखले फिल्म ' जीरो'मा पनि मुख्य भूमिका निर्वाह गरेका थिए । 'पठान'मा शाहरुखका अलावा दीपिका पादुकोण, जोन अब्राहम, डिम्पल कपाडिया र आशुतोष राणाको पनि अभिनय छ ।

अर्जुनधारा प्रेस क्लबले भवन बनाउँदै

शनिश्चरे(प्रस) । अर्जुनधारा प्रेस क्लब झापाको कार्यालय भवन निर्माण गर्नका लागि समिति गठन भएको छ । क्लबका अध्यक्ष रमेश समदर्शीको संयोजकत्वमा ७ सदस्यीय निर्माण समिति बनेको हो ।

क्लबको बिहीवार बसेको बैठकले समितिमा निवर्तमान अध्यक्ष कुमार भट्टराई, सल्लाहकार दिपिन राई, उपाध्यक्ष प्रेम आचार्य, सचिव नरेश खाती, कोषाध्यक्ष पुष्पा जवेगु र सदस्य मनिता योञ्जन सदस्य रहेका छन् । समितिले अर्जुनधारा ८ मा क्लबको कार्यालय भवन निर्माणका लागि काम गर्ने बताइएको छ । कार्यालय भवन निर्माणका लागि दाताबाट ९.५ धुर जग्गा प्राप्त भइसकेको छ ।

बैठकले स्थानीय सरकार र प्रदेश सरकारलाई भवन निर्माणमा सहयोगका लागि प्रस्तावसहित अनुरोध गर्ने निर्णय गरेको क्लबका अध्यक्ष तथा भवन निर्माण समितिका संयोजक रमेश समदर्शीले बताए ।

यसैबीच, निवर्तमान अध्यक्ष भट्टराईले क्लबको नाममा रहेको जग्गा धनीपूर्जा, संस्थाको विधानलगायत कागजात हस्तान्तरण गरेका थिए ।

सरकारी गोदाममा युरिया, किसानले पाएनन्

झापा(प्रस) ।सरकारले भारतसँग जीटूजी प्रक्रियामार्फत खरीद गरेर ल्याएको युरिया मल सरकारी गोदाममा थन्किँदा किसानले गहुँ बालीमा 'टप ड्रेसिङ' गर्न पाएका छैनन् ।

सरकारले ल्याएको तीन र्‍याक युरिया मल वीरगञ्जस्थित कृषि सामग्री कम्पनी लिमिटेडको गोदाममा आइपुगेको करीब एक साता भइसकेको छ । बाँकी मल आउने क्रममा छ । सरकारसँग मल मौज्दात भए पनि आफूहरूले नपाएको गुनासो किसानले गरिरहेका छन् । जीटूजी प्रक्रियाबाट पहिलो खेपमा भारतले दिएको ३० हजार मेट्रिक टन युरियामध्ये सोमबारसम्म तीन र्‍याक वीरगञ्ज आइपुगेको छ । अरु जोगबनी आइपुगेको कृषि सामग्री कम्पनी लिमिटेडका कामु प्रबन्ध सञ्चालक राजेन्द्रबहादुर कार्कीले जानकारी दिए । उनका अनुसार कम्पनीमा व्यवस्थापन टिम नयाँ आएकाले भर्खरै आइपुगेको मलको विक्री वितरण खोल्न केही समय लागेको हो । विक्री वितरण खोल्न ढिलो हुँदा किसानले नपाएको उनले स्वीकार गरे । सरकारले मल ल्याएर राखे पनि आफूहरूले गहुँबालीमा टप ड्रेसिङ गर्न नपाएको सप्तरीका अगुवा किसान भुवनेश्वर यादवले गुनासो गरे । 'सरकारले धमाधम युरिया मल भित्र्याइरहेको खबर सुनेका छौं तर गहुँबालीमा हाल्न गाउँमा कोही पनि किसानले पाएका छैनन्,' यादव भन्छन्, 'यतिबेला युरिया हाल्न नपाए उत्पादन राम्रो हुँदैन । किसान दिनहुँजसो सहकारीमा पुगेर फर्किन्छन् । सहकारीमा पनि मल छैन ।'

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर-शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५६५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

आजको राशिफल

मेष: आज नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ ।

वृष: रमणीय र सुखद् यात्राको योग छ । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् ।

मिथुन: आज प्रेममा जीवन सफलता पाइनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ ।

कर्कट: अनावश्यक ठाउँमा धन खर्च होला । आत्मघाती काम गर्न पुगिएला ।

सिंह: आज स्वादिष्ट भोजन पाइनेछ । वैदेशिक कार्य पनि सहजै हुनेछ ।

कन्या: आज कामविशेषले टाढिएका परिवारका सदस्यहरूसँग भेटघाट हुनेछ ।

तुला: आज नयाँ जिम्मेवारी पाइएला । घरमा अतिथिको आगमन हुनेछ ।

वृश्चिक: शुभकार्यको चर्चा चल्नेछ । टाढाका नातागोता वा परिवारजनसँग भेटघाट हुनेछ

धनु: चलाखीपूर्ण बोलीले सङ्कल्प सिद्ध हुनेछ । कीर्तिमानी काम गर्ने समय छ ।

मकर: पुरानो समस्या सुल्झाउन सकिनेछ । मनमा उत्साह छाउने समय छ ।

कुम्भ: नयाँ कार्यको योजना बन्नेछ । नजिकको व्यक्तिबाट अँटेको काम सफल हुनेछ ।

मिन: आज अनावश्यक यात्रा हुनेछ । वैदेशिक क्षेत्र कमजोर रहनेछ ।